भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख

कर्णाली प्रदेश, नेपाल

प.सं: २०८२/०८३ (कृषि सेवा केन्द्र)
सूचना नं.:- 06

कृषि कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०९/०२ गते)

उपर्युक्त सम्बन्धमा यस भगवतीमाई गाउँपालिका, कृषि सेवा केन्द्रको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत संघिय विशेष अनुदानको कृषिमा व्यवसायीकरण र आधुनिकीकरण कार्यक्रम र संघिय शसर्त अनुदानका तपसिल बमोजिमका कार्यक्रमहरु संचालन हुने हुँदा यस कार्यालयमा कार्यक्रम माग पेशको लागि ईच्छुक कृषक, कृषक फर्म, कृषक समूह, सहकारी संस्था, कम्पनि, उद्धमी व्यवसायीहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन (मिति २०८२ पौष २२ गते) भित्र तोकिएको कागजात सहित निवेदन पेश गर्नुहुन आव्हान गरिन्छ । यस सम्बन्धि थप जानकारीको सूचना, प्रस्ताव फाराम, प्रतिबद्धता पत्र र निवेदनको ढांचाको लागि यस कार्यालयको Website: **https://bhagawatimaimun.gov.np** वा भगवतीमाई गाउँपालिकाको Facebook Page/Group बाट हेर्न र Download गर्न वा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

तपसिल:

क.सं.	कार्यक्रम/ क्रियाकलाप	एकाइ	परिमाण	बजेट (रु. लाखमा)	अन्य विवरण
क. संघिय शसर्त अन्तर्गतका कार्यक्रम					
१	आ.व. २०८२/८३ मा आलु बालीको नयाँ पकेट विकास कार्यक्रम संचालन	संख्या	१	१२	-कम्तिमा ५ रोपनीमा आलु खेती गर्नु पर्ने
ख. संघिय विशेष अनुदान अन्तर्गतका कार्यक्रमहरु					
२	तरकारी तथा धानको बीउबिजनमा सहयोग कार्यक्रम	पटक	२	६	-तरकारीको लागि कम्तिमा १ रोपनीमा खेती गर्नुपर्ने -धानको लागि ५ रोपनीमा खेती गर्नुपर्ने -तरकारीका काक्रा, फर्सी, करेला, लौका, खुर्सानी, टमाटर, भन्टा, भिंडी, भेडेखुर्सानी र सिमिका बीउहरु मात्र उपलब्ध गराइनेछ ।
३	बर्षे फलफुल विकास कार्यक्रम (आँप, लिची, कटहर, केरा आदि)	पटक	१	४	-कम्तिमा १०० बोट लगाउनु पर्ने

कार्यक्रम संचालनको लागि आवेदकहरुले पेश गर्नुपर्ने आवश्यक कागजातहरु

१. कार्यक्रम मागको लागि निवेदन
२. पूर्ण रुपले भरिएको प्रस्ताव फाराम र कार्यक्रमको प्रतिबद्धता पत्र
३. आधिकारिक व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

२०८२।०९।०२

CS Scanned with CamScanner

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख

कर्णाली प्रदेश, नेपाल

प.सं: २०८२/०८३ (कृषि सेवा केन्द्र)

सूचना नं.:- 06

४. व्यवसाय संचालन गर्ने स्थानको जग्गाधनीको लालपुर्जाको प्रतिलिपि, ऐलानी जग्गाको हकमा भोगचलनको सिफारिस वा निस्सा तथा जग्गा भाडामा लिएको भए सम्झौताको प्रतिलिपि

५. कृषि/पशुपन्छी फर्मको हकमा (कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि र प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि)

६. कृषक समूहको हकमा (समूह दर्ता प्रमाणपत्रको प्रतिलिपि, समूह दर्ताको नबिकरण गरेको प्रतिलिपि र बैठकको निर्णयको प्रतिलिपी)

७. कृषि सहकारीको हकमा (संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व. सम्मको संस्थाको अडिट रिपोर्ट)

८. प्रत्येक कार्यक्रमको लागि आवेदन दस्तुर बापत रु. १००, भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा नगद जम्मा गरेको राजस्व भौचरको प्रतिलिपि

९. कार्यालयबाट माग भएका अन्य कार्यक्रम सम्बन्धि आवश्यक पर्ने कागजातहरु

पुनश्चः

- प्रत्येक क्रियाकलापको लाभग्राही संख्या पछि अर्को सूचनामा प्रकाशित गरिनेछ ।
- प्रत्येक कार्यक्रमको लागि सम्बन्धित कृषक, कृषक फर्म, कृषक समूह, सहकारी संस्था, कम्पनि, उद्धमी व्यबसायीहरुले लागत अनुसारको नेपाल सरकार वा प्रचलित कानुनले तोके बमोजिमको साझेदारी गर्नु पर्नेछ ।
- थप जानकारीका लागि भगवतीमाई गाउँपालिका, कृषि सेवा केन्द्र, बेस्तडामा कार्यालय समय भित्रमा सम्पर्क गर्न सक्नुहुनेछ ।

लोकराज जोशी
कृषि विकास अधिकृत, सातौं

२०८२।०६।०७
विकास बहादुर जि.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेस्तडा, दैलेख, कर्णाली प्रदेश, नेपाल

<u>कृषि सामग्री/पूर्वाधार/सेवाको प्रस्ताव माग फाराम ढांचा</u>

	मितिः
१.आबेदक/कृषक संस्थाको नाम :	
२. स्थायी ठेगानाः भगवतीमाई गा.पा., वडा नं..... टोल.....	
३.आबेदकले माग गरेको कार्यक्रमको नामः	
४. कार्यक्रम संचालन हुने स्थानः भगवतीमाई गा.पा., वडा नं..... टोल.....	
५. उमेरः ६.शैक्षिक स्तरः ७.अध्ययन बिषयः ८. मुख्य पेशाः	
९. खेती गरेको क्षेत्रफलः जम्मा..... कट्ठा/रोपनी/बिघा/हेक्टर (आफ्नो जग्गाको क्षेत्रफल ..... भाडामा लिएको जग्गाको क्षेत्रफल..... अन्य.....)	
१०. सम्पर्क नं	११.खेति/व्यबसाय गरेको खेतः पाखो () बारी () अन्य ()
१२. आवेदकको परिचय/अनुभव, हाल संचालन गरिरहेका क्रियाकलापहरु	क. ख. ग.
१३. अब संचालन गरिने क्रियाकलापहरु	क. ख. ग

१४. अनुदान/सहयोगमा माग गरिएको कृषि सामग्री/पूर्वाधार/सेवाको बिबरण

क्र.सं.	बिबरण	इकाई	परिमाण	स्पेसिफिकेशन	कैफियत

Scanned with CamScanner

१५. जम्मा लाग्ने लगानी रकम रु.						
१६. अनुदान माग रकम रु.						
१७. आवेदकको लगानी रकम रु.						
१८. लाभान्वितको किसिम	संख्या					
	कुल	पुरुष	महिला	दलित	जनजाती	अन्य
कृषक						
व्यापारी						

१९. कार्यक्रम संचालन पश्चात प्राप्त हुने प्रतिफलहरु

क.
ख.
ग.

२०. अनुमानित उत्पादन तथा बिक्रि आम्दानी

क्र.स	बिबरण	इकाई	परिमाण	दर	जम्मा उत्पादनको बजार मूल्य

२१. यस भन्दा अघि अनुदान लिएको वा नलिएको:

२२. अन्य बिबरण केहि भए खुलाउने:

आबेदकको दस्तखत:

छाप (संस्थाको हकमा):

CS Scanned with CamScanner

कार्यक्रम संचालनको लागि प्रतिवद्धता पत्र

भगवतीमाई गाउँपालिका कृषि सेवा केन्द्रको मिति.....को सूचना अनुसार ....कार्यक्रममा सहभागीको लागि इच्छुक भई सोको प्रस्ताव/योजना सहितको आवेदन पेश गरेको छु/छौं । उक्त आवेदन पेश गरि, आवेदन स्वीकृत भई कार्य योजनामा उल्लेखित भएका कार्यक्रमहरु र सम्झौतामा उल्लेख भएका शर्तहरुको पूर्ण रुपमा पालना गर्नेछु/गर्नेछौं । सो कार्यक्रममा तोकिए अनुसारको लागत/उपलब्धि अन्य सेवा सुविधा कार्ययोजना/सम्झौतामा तोकिए बमोजिम सहभागिता हुन सहमत छु/छौं र सो को पालना नभएमा प्रचलित कानुन बमोजिम गर्ने गराउने छु/छौं भनि यो प्रतिवद्दता पेश गरेको छु/छौं ।

<u>आवेदकको तर्फबाट</u>

दस्तखतः

नामः

पदः

फार्म/संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.

मितिः

छाप

औंठाको छाप	
दायाँ	बायाँ

Scanned with CamScanner

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
पगनाथ, दैलेख ।

बिषयः कार्यक्रममा सहभागी गराईदिने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा भगवतीमाई गाउँपालिका, कृषि सेवा केन्द्रको मिति ..... को प्रकाशित सूचना बमोजिम संचालन हुन लागेको .... कार्यक्रममा भगवतीमाई गाउँपालिका, वडा नं.....मा बस्ने/रहेको म/हामी.....कृषक उद्धमी/कृषि फर्म/समूह/सहकारी संस्था सहभागी हुन इच्छुक छु/छौ । उक्त कार्यक्रमको लागि आवश्यक कागजातहरु र विवरणहरु यसै निबेदन साथ संलग्न गरेको हुँदा आवश्यक सहयोग उपलब्ध गराईदिन हुन अनुरोध गर्दछु/गर्दछौ ।

<u>निवेदक</u>

निवेदकको दस्तखतः

निवेदकको नामः

पदः

कृषि फर्म/समूह/संस्थाको नामः

ठेगानाः

सम्पर्क नंः

छाप (फर्म/संस्थाको हकमा):

Scanned with CamScanner